
**पुस्तक:** युद्ध र पत्रकारिता (समीक्षा)
**लेखक/सम्पादक:** ओम शर्मा र
मनऋषि धिताल
**प्रकाशक:** नवनेपाल प्रकाशन
**पृष्ठ:** ३०६
**प्रकाशन वर्ष:** २०६३ फागुन १
**मूल्य रु.** २००।–(व्यक्तिगत)
३००।– (संस्थागत)




सशस्त्र द्वन्द्वले आक्रान्त १२ वर्ष अब इतिहास भएका छन् । तर नेपाली भूमिमा भएको यो विद्रोह वा युद्धले पारेको प्रभाव दीर्घकालसम्म रहिरहनेछ । अझ युद्धले बसेका खाटा पुरिन धेरै समय लाग्नेछ । युद्धावस्थाका झझल्काहरू पनि स्मृतिपटलमा ताजै छन् । युद्ध उत्कर्षमा पुग्दा यसले मानवीय संवेदनाको पाटोलाई बिर्साएको थियो । आफन्तबाहेक अरूको मृत्यु वा हत्या हुँदा सामान्य जस्तै लाग्न थालिसकेको थियो । र, मृत्युको यो सन्देश बोकेर जनताका घरघरमा आउने सञ्चारमाध्यमहरू युद्धको दैनिकी पस्किरहेका हुन्थे । तर अहिले समय फरक छ, र सन्देश पनि ।

युद्ध पत्रकारिताको अभ्यास प्रायः गृहयुद्ध भएका मुलुकहरूमा हुँदै आएको छ । २०५२ मा नेकपा माओवादीले औपचारिक रूपमा युद्ध घोषणा गरेपछि नेपाली पत्रकारको पनि युद्ध र युद्ध पत्रकारितासँग परिचय भयो । विदेशी टेलिभजन च्यानलमा युद्धका दृश्य हेरेर झस्कनेहरू आफैंले त्यस्ता दृश्य खिच्न थाले; युद्धको मोर्चामा गएर गोलीका पर्रा छल्दै, बमका छर्राबाट जोगिँदै समाचार सङ्कलन गर्न थाले । युद्धको प्रत्यक्ष भिडियो, तस्वीर र समाचार तयार पार्न थाले ।

माओवादी विद्रोहको प्रारम्भसँगै भूमिगत भएका र सोही पार्टीका तर्फबाट पत्रकारिता थालेका दुई पत्रकार ओम शर्मा र मनऋषि धितालका अनुभव र अनुभूतिको सङ्ग्रहका रूपमा भर्खरै बजारमा देखा परेको पुस्तक हो *युद्ध र पत्रकारिता* । पुस्तक लेखकद्वयले युद्धकालमा माओवादी पार्टीको आडमा, उनीहरूसँग नजिक भएर गरेको युद्ध पत्रकारितासँग प्रत्यक्ष जोडिएको छ । आफूले गरेको पत्रकारिता सम्झँदै मनऋषि भन्छन्, “युद्ध अवस्थामा कुनै एक पक्षसँग नजिक नभए युद्ध क्षेत्रबाट प्रत्यक्ष रिपोर्टिङ गर्न नसकिने रहेछ ।”[1]

---

[1] मार्टिन चौतारीमा २०६३ फागुन १० मा आयोजित ‘युद्धकालको पत्रकारिता’ विषयक छलफलमा व्यक्त विचार ।

युद्धरत कुनै पक्षको साथ लागेर पत्रकारिता गर्ने चलन नेपालमा मात्र देखिएको भने होइन । विश्व परिवेशमा पनि यस्तै अभ्यास हुने गरेको छ । युद्ध पत्रकारिता पूर्णतः स्वतन्त्र कहीँ पनि छैन । राज्य र विद्रोही अथवा द्वन्द्व/युद्धरत पक्षले आ-आफ्नै दृष्टि र कोणबाट पत्रकारिता गर्ने गरेको देखिन्छ । इराक र अफगानिस्तान पछिल्ला उदाहरण हुन् । सीएनएन, बीबीसीले सम्प्रेषण गर्ने समाचारभन्दा अल जजिराको प्रस्तुति नितान्त फरक हुन्छ । माओवादी 'जनयुद्ध' को मान्यता शिरोपर गरी भूमिगत रहेर गरिएको पत्रकारिताको आधारमा लेखिएको यो पुस्तक पनि राज्य पक्षीय वा मूलधारको पत्रकारितामा मात्र बानी परेकाहरूका निम्ति एकपक्षीय वा अनौठो लाग्न सक्छ ।

लेखकद्वयले युद्ध पत्रकारिताको सिलसिलामा सँगालेका अनुभव रोमाञ्चक र रमाइला छन् । विकट पहाडी जिल्लामा प्रेसलाई घट्ट, कागजलाई पीठो, डेस्कटप कम्प्युटरलाई डोकोटप र ल्यापटपलाई काखीच्याप भनेर विदेशी नामलाई स्थानीयकरण गरेको पढ्दा रमाइलो लाग्छ । गोपनियता कायम गर्न यसो गर्नुपरेको थियो उनीहरूलाई । लडाकाहरूलाई युद्ध संवाददातासम्म बनाएको उल्लेख गर्दै लेखकद्वय बताउँछन्– सुरुमा प्रविधि देखेर अचम्म मान्ने युवाहरू अभ्यासले त्यसकै प्रयोग गर्ने भए । पुस्तकको भूमिका (हाम्रो भनाइ) मा उनीहरू भन्छन्, "जनयुद्ध सुरु हुनुभन्दा अघि युद्धका क्लिपहरू हेर्दा जिउ नै सिरिङ्ग हुन्थ्यो । त्यो अत्यन्तै जोखिमपूर्ण काम जस्तो देखिन्थ्यो । आफ्नै देशमा भएको महान जनयुद्धको रिपोर्टिङ गर्दा त्यो सहज हुँदै गयो ।"

दुवै लेखकले युद्ध क्षेत्रमा रहेर प्रिन्ट मिडिया (*जनादेश, जनआह्वान, दिशाबोध* आदि), अनलाइन (कृष्णसेन अनलाइन), टेलिभिजन (युद्धको भिडियो/समाचार) र रेडियो (रेडियो जनगणतन्त्र नेपाल–एफएम ९५.१) सम्मको अभ्यास गरेका छन् । यिनै अभ्यासको कथा र वर्णनका रूपमा यो पुस्तक आएको छ । १५ खण्डमा विभाजित पुस्तक सञ्चार शीर्षक खण्डबाट सुरु हुन्छ । युद्धमा सञ्चारको महत्त्व बताउँदै लेखकद्वय भन्छन्– 'आजको युद्ध सञ्चारको युद्ध हो' (पृ. ९) । दोस्रो खण्डमा पत्रकारिताको चर्चा छ । यसमा एकातिर प्रेसको आविष्कारदेखि ब्रेल र विद्युतीय पत्रिकासम्मको चर्चा गरिएको छ भने अर्कातिर पत्रकारिताको प्रकार, यसका कामहरू, यसको महत्त्व र साहित्यबारे जानकारी दिनुका साथै साहित्य र कलासँग पत्रकारिताको सम्बन्धको विवेचना गरिएको छ । यसै खण्डको सुरुमा नेपालमा पत्रकारिताको विकासबारे चर्चा गरिएको छ तर त्यहाँ लेखकद्वयले माओवादी पार्टी नजिकका सञ्चारमाध्यमबाहेक अरूको नामसम्म लिएका छैनन् । तेस्रो खण्डमा समाचारको सैद्धान्तिक वर्णन गरिएको छ । यसमा

समाचारको प्रकार, सङ्कलन, क्रान्तिकारी मिसनमा रिपोर्टिङ कला, समाचार लेखन, बनौट, बीट, अन्तर्वार्ता, समाचार सम्पादन, सम्पादकीय, स्मरण, पुस्तक समीक्षा, जीवनी आदिलाई उदाहरणका रूपमा समेटिएको छ। सबै उदाहरण *जनादेश* वा माओवादी दर्शनसँग निकट पत्रिका वा पत्रकारहरूले लेखेका सामग्रीबाट लिइएका छन्। चौथो खण्डमा पत्रकारबारे उल्लेख छ। यसमा पत्रकारको किसिमदेखि जनपक्षीय पत्रकारमा हुनुपर्ने गुणहरूसम्मको चर्चा गरिएको छ।

पाँचौँ खण्डमा युद्ध र पत्रकारिताको बृहत् चर्चा गरिएको छ। यसमा क्रान्तिकारी पत्रकारहरूले क्रान्तिलाई मलजल पुऱ्याउने खालका सामग्री नै खोज्नुपर्ने, लेख्नुपर्ने, प्रस्तुत गर्नुपर्ने तर्क अघि सारिएको छ। पत्रकारिता र युद्ध पत्रकारितासम्बन्धी विश्वव्यापी मान्यता, उदाहरण र नेपाली धर्तीमा भएको युद्ध पत्रकारिताको अनुभव समेटिएको यस खण्डमा युद्ध पत्रकारितालाई 'मिसन' को नाम दिइएको छ। लेखकद्वय भन्छन्, 'युद्ध पत्रकारिता व्यवसाय वा पेशा हुन सक्दैन। यो एक मिसन हो' (पृ. ९३)। नेपाली सन्दर्भमा युद्ध पत्रकारिता भनेको जनयुद्धको विकास, विस्तार, विजयका खबर र विचारको प्रचार हो (पृ. ९४) भन्ने उनीहरूको तर्क छ। आफूबाहेक अरूले गरेका रिपोर्टिङलाई पनि पुस्तकमा समेटेका लेखकहरूले पिली आक्रमणमा गएका पत्रकारको अनुभवलाई यसरी समेटेका छन्, "...मकै भुटेझैँ भुटुटु, ड्याङडुङ, चुइअ, डड्याङ, डुडुङजस्ता आवाज आइरहे ... । ... जीपीएमजी, एसएलआरका भिन्नाभिन्नै आवाज आउँथे" (पृ. १०२)। माओवादीले गरेको पाल्पा आक्रमणमा स्वयं उपस्थित रहेका लेखक त्यस बेलाको सम्झना गर्दै भन्छन्, "कभर लिँदै हामी अगाडि बढ्यौँ। मैले आफ्नो क्यामेराको स्क्रिनमा दरबार जलेर भत्कँदै गरेको र बारुदखानाबाट धुँवाको मुस्लो आएको देखेँ" (पृ. १११)।

छैटौँदेखि एघारौँ खण्डसम्म रेडियो, टेलिभिजन, खोज, फोटो, कार्टुन र विकास तथा ग्रामीण पत्रकारिताको चर्चा गरिएको छ। जनयुद्धको पछिल्लो अवधिमा (२०६० कात्तिक २१ देखि) माओवादीले रेडियोको बढी अभ्यास गरेका थिए। उनीहरूले रेडियो कार्यक्रमका विविध स्वरूप, जस्तै रेडियो फिचर, परिसंवाद र वैचारिकका साथै साहित्यिक, सांस्कृतिक सबै खालका कार्यक्रमहरूको उत्तिकै अभ्यास गरेको पुस्तकबाट ज्ञात हुन्छ। रेडियोलाई माओवादीले आफ्नो प्रचार साधनका रूपमा कसरी उपयोग गरे भन्ने जानकारी पनि रेडियोसम्बन्धी खण्डबाट पाइन्छ। लेखकहरूले विद्रोहमा रेडियोको सहयोगी भूमिकालाई रेडियो नेपाल जन्मनुभन्दा अघि, २००७ सालको रेडियो प्रसारणसँग जोडेका छन्। यस्तै,

टेलिभिजन पत्रकारिताअन्तर्गत युद्धका क्रममा खिचेका भिडियोलाई आफ्नो परिचय लुकाई भारतका विभिन्न सहरमा गएर डकुमेन्ट्रीका रूपमा तयार पारिएका प्रसङ्ग प्रस्तुत गरिएको छ। साथै तानसेन (पाल्पा) को अर्गलीका दुईओटा केवल टेलिभिजनबाट नेपाल टेलिभिजनको फ्रिक्वेन्सी रोकेर आधा घण्टा माओवादीको समाचार बजाइदिएको पनि लेखकहरूले वर्णन गरेका छन् (पृ. १६९)।

नेपालमा खोज पत्रकारिता मन्द गतिमा छ र यसको मूलकारण ठूला प्रकाशनगृहमा भ्रष्ट पूँजीको लगानी रहनु हो भन्ने लेखकद्वयको निर्क्यौल छ, “शासक, कर्मचारीतन्त्रको भण्डाफोर गर्न र कलमले त्यो जग हल्लाउन क्रान्तिकारी खोज पत्रकारले कमिलाले टाढैबाट चिनीको गन्ध पाएझैँ समाचार सुँघ्ने क्षमता राख्नैपर्ने” तर्क उनीहरू अगाडि सार्छन् (पृ. १७४)। फोटो पत्रकारिता खण्डअन्तर्गत क्यामराको आविष्कारदेखि फोटो फिचर र युद्धका साथै फोटो पत्रकारितासम्मको सङ्क्षिप्त सैद्धान्तिक चर्चा गरिएको छ। दुई पृष्ठमा समेटिएको कार्टुन पत्रकारिता खण्डमा यसलाई ‘सशक्त माध्यम’ बताउँदै लेखकहरू कार्टुनले व्यङ्ग्य मात्र नदिई विचार पनि दिन्छ भन्छन् (पृ १८६)। कार्टुनको शक्ति कस्तो हुन्छ भन्ने जनाउन उनीहरूले एक भारतीय प्रधानन्त्री (नाम उल्लेख गर्न सकेका छैनन्) को भनाइ सापटी लिएका छन्, “म अरूसँग डराउँदिनँ, आतङ्कवादी हमलासँग पनि डराउँदिनँ तर त्यो कार्टुनिस्टसँग डराउँछु” (पृ. १८६)।

बाह्रौँदेखि पन्ध्रौँ खण्डसम्म क्रमशः प्रेस स्वतन्त्रता, प्रेस सङ्गठनबारे चर्चित व्यक्तिहरूको विचार, माओवादी पार्टीको प्रेसप्रतिको मान्यता र विश्वका क्रान्तिकारी पत्रकारसम्बन्धी विवरण समावेश गरिएको छ। नेपालमा प्रेस स्वतन्त्रताको स्थिति कस्तो छ भन्ने देखाउन लेखकद्वय २०५५ पुस २२ मै *जनादेश* प्रेसबाटै जफत भएको उदाहरण अघि सार्छन्। यसले २०४७ को संविधानको धारा १३ ले गरेको व्यवस्थाकै खिल्ली उडाएको धारणा उनीहरूको छ। अझ २०५८ मङ्सिर ११ पछिको पहिलो सङ्कटकाल र राजा ज्ञानेन्द्रको शासनकालमामा त यसले चरम रूप लिएको उनीहरूले उल्लेख गरेका छन्। यसै खण्डमा क्रान्तिकारी पत्रकारहरूको दक्षिण एसियास्तरको सङ्गठन हुनुपर्ने बताउँदै त्यसको तयारी भइरहेको पनि जानकारी दिइएको छ।

पुस्तकमा विश्वमा युद्ध पत्रकारले लेखेको भूमिका, चर्चित उदाहरण र मार्क्स, लेनिन, माओका पत्रकारितासम्बन्धी विचार पनि खण्डका बीचबीचमा राखिएका छन्। माओवादीले रेडियो सुरु गर्दा ताका र अरू बेला समेत सो पार्टीका अध्यक्ष प्रचण्ड र नेता बाबुराम भट्टराईले दिएका विचार/अन्तर्वार्ता पनि पुस्तकमा अटाएका छन्। यसबाहेक माओवादीको प्रेसप्रतिको धारणा प्रस्तुत गर्न

प्रचण्डको लामो अन्तर्वार्ता राखिएको छ। महेश्वर दाहालले 'जनयुद्धको एक दशक र सञ्चार सङ्घर्ष' भनेर सो अवधिको समीक्षा पनि गरिदिएका छन्। पुस्तकको अन्तिम भागमा विश्वका केही छानिएका क्रान्तिकारी पत्रकारबारे उल्लेख गरिएको छ। यिनमा जुलियस फ्युचिक, रीस विलियम्स, जोन रिड, समूल, एड्गर स्नो, अन्ना लुई स्ट्राङ, विल्फ्रेड, इलिया ग्रिगोदिएवीच र एरेन वुर्गाका साथै नेपालका कृष्णसेन इच्छुकलगायत जनयुद्धका क्रममा राज्यपक्षद्वारा मारिएका सात नेपाली पत्रकारको सङ्क्षिप्त जीवनीसमेत समेटिएको छ।

संरचनाका हिसाबले भन्नुपर्दा, एउटै पुस्तकमा सबै सामग्री (पत्रकारिताको सिद्धान्त, जीवनी, व्यक्ति चित्रण, अन्तर्वार्ता, संस्मरण, समीक्षा, अन्य पत्रकारका युद्ध रिपोर्टिङ आदि) अटाउने प्रयास गरिएको देखिन्छ। यद्यपि, पुस्तकभित्रैका हरेक खण्ड युद्धावस्थासँग जोड्दा आफैँमा सिङ्गो पुस्तक हुने हैसियत राख्छन्। अझ युद्धकालकै पत्रकारिताबारेको संस्मरण मात्रै पनि राम्रो पुस्तक हुनसक्थ्यो। तर जबर्जस्ती सबै कुरा एकै ठाउँमा अटाउने लोभले पुस्तकलाई खिचडी जस्तो बनाएको छ। एक किसिमले भद्रगोल। माओवादीले सफलता प्राप्त गरेका ठूल्ठूला आक्रमण जस्तैः पिली, बेनी, मङ्गलसेन, तानसेन, कृष्णभीर लगायतका समाचार, रिपोर्टिङ आदिलाई विभिन्न खण्डअन्तर्गत उदाहरणका रूपमा प्रस्तुत गरिएको छ। तर हार खाएका खारा, गणेशपुर र पण्डौन जस्ता युद्धको चर्चा एकदमै न्यून छ। प्रयोग गरिएका धेरैजसो उदाहरण *जनादेश* र *जनआह्वान* साप्ताहिकबाट लिइएका छन्। माओवादीले जितेका युद्ध उदाहरण बनेका र हारेका युद्धको खासै चर्चा नभएकाले युद्ध पत्रकारिताको एक पाटो छुटेको देखिन्छ।

वामपन्थी आन्दोलन समर्थक र विशेष गरी माओवादी विचाराधारा अँगालेका व्यक्तिबाहेक अरू, खासगरी युद्ध र माओवादी भन्ने बित्तिकै पन्छनेका लागि यो पुस्तक एकपक्षीय लाग्न सक्छ। यसको भाषा पनि माओवादी सञ्चारमाध्यमले प्रयोग गर्ने खालको कम्युनिस्ट जार्गन र लामा लामा वाक्यमा अल्झिएको छ। तर पनि युद्ध क्षेत्रमै होमिएर, आफ्नो अनुभव समेटेर लेखिएको यो पुस्तकको महत्त्व कम भने छैन। बजारमा पाइने पत्रकारिताका पुस्तकमा अरू लेखकहरूले 'द्वन्द्व पत्रकारिता' भन्ने गरेकोमा यसले 'युद्ध पत्रकारिता' भनेर विषयलाई नौलो परियच दिन खोजेको छ।

त्यसो त लेखकद्वय आफैँले यो पुस्तकको संरचना अव्यवस्थित रहेको बताएका छन्। पुस्तकको भूमिका (हाम्रो भनाइ) मा युद्ध मोर्चामा व्यवस्थित प्राज्ञिक अध्ययन र लेखन गर्न नसकेको, विकट पहाडी भूगोलमा आवश्यक

सन्दर्भ सामग्री र समय नपाएको, बरु सहरमा अलिकति पत्रकारिता सिकेको अनुभवले युद्ध मोर्चामा सघाएको कुरा उनीहरूले इमान्दार भएर भनेका छन् । अझ पुस्तक नै मौलिक रचना नभएको पनि स्वीकार गरेका छन् । लेखकद्वयकै भनाइमा मुख मिलाउने हो भने यो पुस्तक माओवादी आन्दोलनमा विचार, प्रचार र फौजी मोर्चाबाट योगदान पुऱ्याएका र पुऱ्याउन चाहनेहरूको आफ्नै गाथा एवं वैचारिक र व्यावहारिक पाठ्यसामग्री हो ।

समग्रमा, युद्धको अन्त्यसँगै जन्मिएको *युद्ध र पत्रकारिता*ले युद्ध अवस्थामा गरिएको पत्रकारितालाई अभिलेखीकरण गरेको छ । आफ्नै विशिष्टता बोकेको ताजा नेपाली अनुभव यस पुस्तकको आकर्षण हो ।

**श्रीधर न्यौपाने**

कामना प्रकाशन समूह